धनगढी उप-महानगरपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः ०३** **मितिः २०७९/०९/२५**

## भाग–१

धनगढी उप-महानगरपालिका

### धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन २०७४ दोस्रो संशोधन २०७९

**नगरसभाबाट स्वीकृत मितिः २०७९।०९।२५**

**राजपत्रमा प्रकाशन मितिः २०७९।०९।२८**

**सम्वत् २०७४ सालको ऐन नं. १**

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– | | |
| दफा १. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– | १. संक्षिप्त नाम र प्रारम्भ :- | "विस्तार" शब्द आवश्यक नरहेकोले |
| (क) यस ऐनको नाम "नगर शिक्षा ऐन धनगढी २०७४" | (१) यो ऐनको नाम " धनगढी उप-महानगरपालिका नगर शिक्षा ऐन २०७४" | दोस्रो संशोधन प्रयोजनका लागि |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| रहेको छ । | रहेको छ । | |
| दफा २. परिभाषाः | | |
| (ज) "नगरपालिका" भन्नाले धनगढी उप–महानगरपालिका सम्झनुपर्छ । | (ज) "नगरपालिका/उप-महानगरपालिका" भन्नाले धनगढी उप–महानगरपालिका सम्झनुपर्छ । | दोस्रो संशोधन प्रयोजनका लागि |
| (न) "शिक्षा शाखा" भन्नाले धनगढी उप-महानगरपालिकाका शिक्षा विभाग/महाशाखा संझनु पर्दछ । | (न)"महाशाखा" भन्नाले धनगढी उप-महानगरपालिकाकाको शिक्षा, युवा तथा खेलकुद महाशाखा सम्झनु पर्दछ । | संघीय संरचनामा उप-महानगरपालिकामा शिक्षा महाशाखा रहने र सो अन्तर्गत अन्य शाखा रहने व्यवस्था भएकोले |
| (प) "शिक्षा अधिकृत" भन्नाले धनगढी उप-महानगरपालिकाका शिक्षा विभाग/महाशाखा प्रमुखलाई संझनु पर्दछ । | (प)"महाशाखा प्रमुख" भन्नाले धनगढी उप-महानगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखाको प्रमुखलाई सम्झनु पर्दछ । | महाशाखा प्रमुखको व्यवस्था नभएकोले राख्नुपर्ने |
| दफा ३. विद्यालय खोल्न अनुमति लिनुपर्नेः– | | |
| (१) उप-महानगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित नगर प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ । | (१) उप-महानगरपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय वा सहकारी अन्तर्गत सहकारी विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित नगर प्रमुख समक्ष समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ । | वा सहकारी अन्तर्गत सहकारी विद्यालय भन्ने शब्द थप्नुपर्ने भएकोले |
| (६) उपदफा (२),(३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका | (६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः– | सहकारीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः– | |
| (७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः– | (७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः– | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |
| (क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने, | (क) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने, | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |
| (ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भएकम्तीमा तीनजना सदस्य हुनुपर्ने, | (ख) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी वा सहकारी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने, | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |
| (ग) शैक्षिक गुठीको आय–व्ययको लेखा तोकिए बमोजिमको ढाचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने, | (ग) शैक्षिक गुठी वा सहकारीको आय–व्ययको लेखा तोकिए बमोजिमको ढाँचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त उप-महानगरपालिकाले अद्यावधिक गरेको अभिलेखमा समेटिएका लेखापरीक्षकमध्येबाट नगर शिक्षा समितिले तोकेका लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने, | "वा सहकारी" शब्द र महाशाखाले अद्यावधिक गरेको अभिलेखमा समेटिएका लेखापरीक्षकमध्येबाट नगर शिक्षा समितिले तोकेका लेखापरीक्षकबाट भन्ने व्यवस्था थप्नुपर्ने भएकोले |
| (घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि | (घ) शैक्षिक गुठी वा सहकारीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा उप-महानगरपालिकाको स्वीकृति लिनु पर्नेछ । | आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा उप-महानगरपालिकाको स्वीकृति लिनु पर्नेछ । | |
| (८) कुनै सामाजिक,परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ । | (८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ । | "वा सहकारी" शब्द थप्नुपर्ने भएकोले |
| (११) प्राविधिक शिक्षा संचालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृती संवन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ ।<br>- | (११क) आफ्नै स्रोतबाट पूर्व प्राथमिक विद्यालय वा वालविकास कक्षा खोल्ने अनुमति तथा स्वीकृति वडा समितिको सिफारिसमा उप-महानगरपालिकाले दिन सक्नेछ ।<br>(११ख) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन तोकिएबमोजिम हुनेछ । | दफा ३ को उपदफा (११) पछि उपदफा (११क) र (११ख) व्यवस्था थप्नु पर्ने भएकोले |
| (१२) विद्यालय सञ्चालन तोकिए वमोजम हुनेछ । | - | उपदफा (१२) लाई ३क बनाइएको |
| - | ३क. विद्यालय सञ्चालन :- विद्यालयको सञ्चालन तोकिएबमोजिम हुनेछ । | मूल ऐनको दफा ३ पछि दफा ३क बनाइएको |
| - | ३ख. विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था:-<br>(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा | नभएकोले राख्नु पर्ने मूल ऐनको दफा ३ पछि दफा ३ख |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै नगर प्रमुख समक्ष निवेदन दिनु पर्नेछ । | |
| | (२) उपदफा (१) बमोजिम निवेदन पेश भएमा नगर प्रमुखकको निर्देशनमा महाशाखा प्रमुखले थप हुने कक्षाको लागि पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गरी गराई स्थलगत प्रतिवेदन सहित कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णयका लागि नगर शिक्षा समितिमा पेश गर्नु पर्नेछ । | नभएकोले राख्नु पर्ने |
| | (३) उपदफा (२) बमोजिम पेश भएमा नगर शिक्षा समितिले निवेदक विद्यालयमा कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा निर्णय गर्नेछ । नगर शिक्षा समितिबाट अनुमति दिने भनी निर्णय भएका विद्यालयहरुको सूचीसहित उप-महानगरपालिकाले कार्यालयको वेभसाइट मार्फत तोकिएको मितिभित्र नियमानुसारको आफुले तिर्नु पर्ने कर तिरी अनुमति पत्र लिनका लागि सूचना प्रकाशन गर्नेछ । | नभएकोले राख्नु पर्ने |
| | (४) विद्यालयको कक्षा थप सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | नभएकोले राख्नु पर्ने |
| - | ३ग. विद्यालयको ठाउँ सारी सम्बन्धी व्यवस्था :- (१) अन्यत्र स्थानीय तहबाट उप-महानगरपालिकामा कुनै पनि संस्थागत विद्यालयले ठाउँसारी गर्नका लागि उप-महानगरपालिकाको अनुमति लिनुपर्नेछ । | नभएकोले राख्नु पर्ने मूल ऐनको दफा ३ पछि दफा ३ग |
| | (२) उचित र प्रर्याप्त कारण भएमा उप-महानगरपालिकाको क्षेत्रभित्र सञ्चालनमा | नभएकोले राख्नु पर्ने |



धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | रहेको विद्यालयलाई एकठाउँबाट अर्को ठाउँमा सम्बन्धित वडा समितिको सिफारिसमा नगर शिक्षा समितिले तोकिएबमोजिम ठाउँसारी गर्न सकिनेछ । | |
| दफा ४. परीक्षा सञ्चालन र समन्वयः | | |
| ४.परीक्षा सञ्चालन र समन्वयः उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालयहरूको परीक्षा सञ्चालन र व्यवस्थापन गर्न तोकिए बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति रहने छ । परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | ४. परीक्षा सञ्चालन तथा व्यवस्थापन :- (१) उप-महानगरपालिका क्षेत्रभित्रका विद्यालयहरुको कक्षा ८ को परीक्षा उप-महानगरपालिकाले सञ्चालन गर्नेछ । (२) उपदफा (१) बमोजिम परीक्षा सञ्चालन गर्न तोकिएबमोजिमका सदस्यहरु रहेको एक आधारभूत शिक्षा परीक्षा समिति रहनेछ । (३) आधारभूत शिक्षा परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । (४) विद्यालयका अन्य कक्षाहरुको परीक्षा तोकिएबमोजिम हुनेछ । | विद्यमान व्यवस्थालाई थप स्पष्ट बनाउनुपर्ने भएकोले |
| दफा ६ | | |
| ६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षासञ्चालनसम्बन्धी व्यवस्थाः उप-महानगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर | ६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र बैकल्पिक सिकाइ सम्बन्धी व्यवस्था :- (१) उप-महानगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र वैकल्पिक सिकाइको व्यवस्थाप गर्न सक्नेछ । (२) उपदफा (१) मा कुनै विद्यालयले विशेष शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर | भएको व्यवस्थालाई थप स्पष्ट पार्न उपदफा ६ थप गरिएको |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ । | शिक्षा तथा खुला शिक्षा संचालन गर्न चाहेमा उप-महानगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरि सो विद्यालयलाई त्यस्तो शिक्षा संचालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।<br>(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ ।<br>(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पनि दृष्टिविहिन, न्यूनदृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहिन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।<br>(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको संचालन तोकिए बमोजिमको हुनेछ ।<br>(६) उप-महानगरपालिकाले कुनै महामारी वा विपत्तिजन्य अवस्थामा विद्यालयको पठनपाठन सञ्चालन गरिराख्नका लागि वैकल्पिक सिकाइको व्यवस्था गर्न सक्नेछ । | |
| ७. शिक्षाको माध्यमः– | | |
| (२ उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–<br>(क) प्राथमिक शिक्षा | (क) आधारभूत तहको प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म को शिक्षा मातृभाषामा दिन सकिनेछ, | हाल विद्यालय तहको संरचनामा प्राथमिक शिक्षा भन्ने नरहेकोले |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| मातृभाषामा दिन सकिनेछ । | | |
| दफा ८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः | | |
| दफा ८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरूप सिकाइ उपलब्धी हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ ।<br>(१) संस्थागत विद्यालयको हकमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रत्येक शैक्षिक सत्रमा परिवर्तन गर्न पाईने छैन । | ८. विद्यालयमा लागु हुने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था :-<br>(१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ ।<br>(२) उप-महानगरपालिकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेबमोजिम स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरि लागू गर्न सक्नेछ ।<br>(३) विद्यालयमा लागु हुने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ । | भाषिक अष्पष्टता भएकोले |
| | (४) संस्थागत विद्यालयले एउटा शैक्षिक सत्रमा लागु गरेको एउटा प्रकाशनको पाठ्यपुस्तक कम्तिमा ५ शैक्षिक सत्रमा परिवर्तन गर्न पाईने छैन । | भाषिक अष्पष्टता भई केही संशोधन गर्नुपर्ने भएको हुँदा |
| दफा ९. नगर शिक्षा समितिः | | |
| (१) उप-महानगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको नगरशिक्षा समिति रहनेछः-<br>(क) उप-महानगरपालिकाको प्रमुख -अध्यक्ष<br>(च) समाजसेवी वा शिक्षा विदहरूमध्येबाट नगरशिक्षा समितिले मनोनित गरेका कम्तीमा एकजना दलित तथा | (क१) उप-महानगरपालिकाको उपप्रमुख - सदस्य<br>(च) समाजसेवी वा शिक्षाविद्हरुमध्येबाट नगर शिक्षा समितिसंग परामर्श गरी नगर प्रमुखले मनोनित गरेका कम्तीमा एक जना दलित वा अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्ति सहित दुईजना – सदस्य | उपदफा १ क पछि (क१) थप तथा खण्ड (च) संशोधन गर्नुपर्ने भएकोले |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| अल्पसंख्यक सहित दुईजना – सदस्य | | |
| (ज) नगरस्तरका नेपाल शिक्षक महासंघका प्रतिनिधी १ जना सदस्य –सदस्य | (ज) नेपाल शिक्षक महासंघका नगर अध्यक्ष – सदस्य | नगर महासंघका अध्यक्ष भनि किटानी गर्नुपर्ने भएकोले |
| (झ) शिक्षा अधिकृत –सदस्य सचिव | (झ) महाशाखा प्रमुख – सदस्य सचिव | शिक्षा शाखा प्रमुख महाशाखा प्रमुख हुने भएकोले |
| - | (४) नगर शिक्षा समितिको बैठक कम्तिमा दुई महिनाको एक पटक र आवश्यकतानुसार सो भन्दा पहिले पनि बस्न सक्नेछ । | उपदफा (३) पछि उपदफा (४) बैठकका लागि थप गर्नुपर्ने भएकोले |
| दफा १०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः– | | |
| च) वडा शिक्षा समितिबाट सिफारिस भई आएका तीन जना सूचीकृत लेखा परिक्षकहरु मध्येवाट लेखा परीक्षकको नियुक्ति गर्ने । | (च) विद्यालयको वार्षिक लेखापरीक्षणका लागि उप-महानगरपालिकामा अभिलेखिकरण भएका मध्ये वडा शिक्षा समितिबाट सिफारिस भई आएका तीन जना लेखापरीक्षकहरुमध्ये नगर शिक्षा समितिले एकजनालाई नियुक्त गर्न सक्नेछ तर नगर शिक्षा समितिलाई उक्त तीन जना उपयुक्त नलागेमा अभिलेखिकरण भएका लेखापरीक्षकहरु मध्येबाट आफै नियुक्त गर्न सक्नेछ । | लेखापरीक्षणलाई थप पारदर्शी र गुणस्तरीय बनाउका लागि |
| (ढ) अस्थायी करार शिक्षकहरको छनौटको लागि विशेषज्ञहरूको छनौट गरेर सूची प्रकाशन गर्ने, | (ढ) करार शिक्षकहरुको छनौटका लागि प्रत्येक वर्ष तोकिएबमोजिम विशेषज्ञहरुको छनौट गरेर सूची अद्यावधिक गर्ने । | “प्रत्येक वर्ष तोकिएबमोजिम” अद्यावधिक गर्नुपर्ने भएकोले |
| दफा ११. नगर | | |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| कार्यपालिकाको काम, कर्तव्य र अधिकारः– | | |
| नगर कार्यपालिकाको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | ११. नगर कार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :- नगर कार्यपालिकाको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | दोस्रो संशोधन प्रयोजनका लागि |
| दफा १२. प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकारः– | | |
| प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | १२. प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :- प्रमुख प्रशासकीय अधिकृतको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | दोस्रो संशोधन प्रयोजनका लागि |
| दफा १३. नगर शिक्षा अधिकृत | | |
| १३. नगर शिक्षा अधिकृत | महाशाखा प्रमुख | दोस्रो संशोधन प्रयोजनका लागि |
| नगर शिक्षा अधिकृतको काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ । | १३. महाशाखा प्रमुखको काम, कर्तव्य र अधिकार :- महाशाखाको प्रमुखको शिक्षा सम्बन्धि काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | शिक्षा अधिकृत काम, कर्तव्य र अधिकार किटानी गर्न |
| - | १३क. महाशाखाका अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार :- महाशाखाका अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ । | अन्य कर्मचारीको काम, कर्तव्य र अधिकार किटानी गर्न थप गर्नुपर्ने भएकोले |
| दफा १४. नगर शिक्षा अनुगमन समितिः– | | |
| (१ज) विद्यालय निरिक्षण गर्न तोकिएको व्यक्ति –सदस्य | (१ज) महाशाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी – सदस्य सचिव | दोस्रो संशोधन प्रयोजनका लागि |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| सचिव | | |
| (२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकारः– शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | (२) शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था : शिक्षा अनुगमन समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ । | बैठक सम्बन्धी व्यवस्था राख्नुपर्ने भएकोले |
| दफा १९. प्रारम्भिक बाल शिक्षासम्बन्धी व्यवस्थाः– | | |
| प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । | १९.प्रारम्भिक बाल शिक्षा, पूर्व प्राथमिक विद्यालय, बालविकास कक्षा, मन्टेश्वरी कक्षा सम्बन्धी व्यवस्था :- प्रारम्भिक बाल शिक्षा, पूर्व प्राथमिक विद्यालय, बालविकास कक्षा, मन्टेश्वरी कक्षा सम्बन्धी अनुमती लगायतका काम सम्बन्धित वडा समितिको सिफारिसमा उप-महानगरपालिकाले गर्नेछ । | विद्यमान व्यवस्थालाई थप प्रस्टयाउन |
| दफा २०. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदानः– | | |
| उप-महानगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको आधारमा अनुदान रकम दिन सक्नेछ । | २०.प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्ने :- उप-महानगरपालिकाले समुदाय र सामुदायिक विद्यालयमा नियमित सञ्चालन रहेका प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएबमोजिम बार्षिक अनुदान दिन सक्नेछ । | विद्यमान व्यवस्थालाई थप प्रस्टयाउन |
| दफा २१. विद्यालय व्यवस्थापन समितिः– | | |
| (२) प्रत्येक सामुदायिक विद्यालयमा एक शिक्षक अविभावक संघको व्यवस्था | (७क) प्रत्येक सामुदायिक विद्यालयमा एक शिक्षक अविभावक संघको व्यवस्था तोकिए बमोजिम हुनेछ । | दफा २१ को उपदफा (७) पछिको (२) लाई उपदफा (७क) |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| तोकिए बमोजिम हुनेछ । | | बनाइएको । |
| (८) (१) संस्थागत विद्यालयको सञ्चालन,रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः- | | |
| (च) निरीक्षक वा निरीक्षकको काम गर्न तोकिएको व्यक्ति – सदस्य | (८) (१) (च) महाशाखा प्रमुखले तोकेको सम्बन्धित विद्यालय हेर्ने अधिकृत कर्मचारी – सदस्य | दोस्रो संशोधन प्रयोजनका लागि |
| (१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः- | | |
| (झ) रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने, | (झ) उप-महानगरपालिकाले तोकेका लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखा परीक्षण गर्ने । | आर्थिक पारदर्शितालाई थप प्रभावकारी बनाउन |
| (त) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने । | (थ) + शिक्षक अभिभावक संघ गठन गर्ने । | नभएकोले राख्नुपर्ने |
| दफा २२. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने: | | |
| (क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति मार्फत् नगर शिक्षा समितिमा पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन | (क) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति वा शिक्षा अनुगमन समिति मार्फत् नगर शिक्षा समितिमा प्रतिवेदन पेश भएमा नगर शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पुरा | "प्रतिवेदन" शब्द थप गर्नुपर्ने भएकोले |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| उपर छानविन गर्नेछ । नगर शिक्षा समितिको छानविनले समेत ताकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । उप-महानगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पु¥याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ । | गर्न नसकेको निष्कर्ष निकालेमा नगर शिक्षा समितिले नगर कार्यपालिका समक्ष उक्त विद्यालय व्यवस्थापन समिति विघटन गर्न सिफारिस गर्नेछ । उप-महानगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुर्‍याई विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ । | |
| दफा २४. वडा शिक्षा समितिः– | | |
| (१) नगरका वडाभित्रका विद्यालयहरुको रेखदेख, संरक्षण, संवद्र्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुनेछ । | (१) वडाभित्रका विद्यालयहरुको सञ्चालन, रेखदेख, संरक्षण, सम्बर्द्धन, नियमन गर्न वडास्तरमा देहायबमोजिमको वडा शिक्षा समिति रहनेछ :- | दोस्रो संशोधन प्रयोजनका लागि |
| ३०. विद्यालयको सम्पत्तिः– | | |
| (क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति | (क) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको | नगर शिक्षा समितिको निर्णयअनुसार भन्ने ठाँउमा उप-महानगरपालिकाको |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगर शिक्षा समितिको निर्णयअनुसार व्यवस्थापन हुनेछ । | सामुदायिक विद्यालयको सम्पत्तिको व्यवस्थापन उप-महानगरपालिकाको निर्णयानुसार हुनेछ। | निर्णयानुसार भन्ने शब्द राख्न |
| (ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको/नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन । | (ङ) नेपाल सरकारको वा नगरपालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारबाट प्राप्त भएको हकमा नेपाल सरकारको र नगरपालिकाबाट प्राप्त भएको हकमा नगरपालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन । | विद्यमान व्यवस्थालाई थप स्पष्ट पार्न |
| - | (च)+ सामुदायिक विद्यालयको सार्वजनिक अचल सम्पति लिजमा, भाडामा वा व्यावसायिक प्रयोजनमा दिदाँ विद्यालयले उप-महानगरपालिकाको अनुमति लिएर मात्र दिनुपर्नेछ । | 'ङ' पछि 'च' थप गरी सम्पतिको आयलाई पारदर्शी बनाउन र संरक्षण गर्न |
| - | (छ)+ सामुदायिक विद्यालयको भोगचलनमा रहेको सार्वजनिक अचल सम्पति विद्यालयले लिजमा, भाडामा वा व्यावसायिक प्रयोजनमा दिदाँ उप-महानगरपालिकाको अनुमति लिएर मात्र दिनुपर्नेछ । | 'च' पछि 'छ' थप गरी सम्पतिको आयलाई पारदर्शी बनाउन र संरक्षण गर्न |
| ३४. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः– | | |
| - | ३४क. अतिरिक्त क्रियाकलाप संचालन सम्बन्धि व्यवस्था :- विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा तोकिएबमोजिम अतिरिक्त क्रियाकलाप संचालन गर्नु पर्नेछ । | दफा ३४ पछि दफा ३४क मा अतिरिक्त क्रियाकलाप संचालन सम्बन्धि व्यवस्था थप्नुपर्ने भएकोले |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ३८. स्थायी आवासीय अनुमति लिन नहुनेः– | | |
| सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ । | ३८. स्थायी आवासीय अनुमति लिन नहुनेः– सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय संघीय शिक्षा ऐन नियममा व्यवस्था भए बमोजिम हुनेछ । | "तोकिए बमोजिम" भन्ने शब्दहरुको सट्टा " संघीय शिक्षा ऐन नियममा व्यवस्था भए बमोजिम" भन्ने शब्दहरु राखी संशोधन गर्न |
| दफा ४३. शिक्षकको नियुक्ति र सरूवाः– | | |
| (क) विद्यालयमा रिक्त तथा राहत शिक्षक दरवन्दीमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोग तथा प्रादेशिक शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ । | (क) विद्यालयमा रिक्त दरबन्दीमा करार शिक्षक नियुक्तिको व्यवस्था तोकिए वमोजिम हुनेछ । स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ । | प्रादेशिक शिक्षक सेवा आयोगको प्रावधान नरहेकोले खारेज र राहत शिक्षक पदपूर्ति नभई करार शिक्षकको पदपूर्ति मात्र हुने भएकोले संशोधन |
| | ४३ क (१) विद्यालयको रिक्त दरबन्दीमा करार शिक्षकको नियुक्त गर्दा शिक्षा विकास तथा समन्वय इकाई कैलालीसंग समन्वय गरी उप-महानगरपालिकाले तयार गरेको विषयविज्ञको सूचिबाट विषयविज्ञ | करार शिक्षक नियुक्तिलाई प्रभावकारी बनाई दक्ष शिक्षक नियुक्त गर्न |

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | उप-महानगरपालिकाले तोक्नेछ । | |
| दफा ४५. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः– | | |
| (क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । | (क) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, +जेहेन्दार र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । | "जनजाति" भन्ने शब्द पछि "जेहेन्दार अल्पसंख्यक" शब्दहरु थपिएका |
| (ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, शिक्षा हेर्ने अधिकृत वा निजको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ । | (ख) उपदफा (क) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, महाशाखा प्रमुख वा नीजले तोकेको अधिकृत र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ । | "महाशाखा प्रमुख वा नीजले तोकेको अधिकृत" भन्ने शब्द राख्ने |
| - | ४५क. संस्थागत विद्यालयको हकमा लागू नहुने :- यस ऐन र यस ऐन अन्तर्गत बन्ने नियमावली, निर्देशिका र कार्यविधिमा सामुदायिक विद्यालयका लागि मात्र लागु हुने गरी उल्लेख भएका व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागु हुनेछैनन् । | दफा ४५ पछि दफा ४५क थप गरिएको |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| दफा ५१. पुरस्कार तथा दण्ड सजायः– | | |
| ५१. पुरस्कार तथा दण्ड सजायः– | दफा ५१क. प्रोत्साहन,पुरस्कार तथा सजाय सम्बन्धी व्यवस्था :- | दफा ५१ (पहिलो) पछिको दफा ५१ लाई दफा ५१क कायम गरिएको |
| | (१) उप-महानगरपालिकाले बालविकास कक्षाका सहजकर्ता, विद्यालयका शिक्षक तथा कर्मचारी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई तोकिएबमोजिम प्रोत्साहन रकम उपलब्ध गराउन सक्नेछ । | विद्यमान व्यवस्थालाई संशोधन र थप प्रष्टयाउन |
| | (२) उप-महानगरपालिकाले प्रत्येक बर्ष उपदफा (३) बमोजिमको सिफारिस समितिको सिफारिसमा नगरको शिक्षाक्षेत्रमा उत्कृष्ठ योगदान पुऱ्याउने शिक्षक तथा कर्मचारीहरुलाई तोकिए बमोजिम नगर शिक्षा सेवा पुरस्कार दिन सक्नेछ । | विद्यमान व्यवस्थालाई संशोधन र थप प्रष्टयाउन |
| | (३) उपदफा (२) बमोजिमको पुरस्कार सिफारिस गर्न तोकिएबमोजिमको एक सिफारिस समिति रहनेछ । | विद्यमान व्यवस्थालाई संशोधन र थप प्रष्टयाउन |
| | (४) सिफारिस समितिले तोकिएको मापदण्डका आधारमा पुरस्कारका लागि शिक्षक तथा कर्मचारीहरुको सिफारिस गर्नेछ । | विद्यमान व्यवस्थालाई संशोधन र थप प्रष्टयाउन |
| | (५) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम सजाय सम्बन्धी व्यवस्था प्रचलित कानूनबमोजिम हुनेछ । | विद्यमान व्यवस्थालाई संशोधन र थप प्रष्टयाउन |
| दफा ५२. मुद्दा हेर्ने अधिकारीः– | | |
| यो ऐन वा यस ऐन अन्तरगत | यस ऐन र यस ऐन अन्तर्गत बनेको | विद्यमान व्यवस्थालाई |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| वनेको<br>नियम बमोजिम सजाय गर्ने अधिकार प्रमुखलाई हुनेछ । | नियमबमोजिम गरिने सजाय सम्बन्धी मुद्धा हेर्ने अधिकार प्रचलित कानूनबमोजिम अधिकार प्राप्त अधिकारीलाई हुनेछ र जरिवाना सम्बन्धि अधिकार नगर प्रमुखलाई हुनेछ । | संशोधन र थप प्रष्टयाउन |
| दफा ५४. नियम बनाउने अधिकारः- | | |
| (क) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न उप-महानगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।<br>(ख) यस ऐनको कार्यान्वयनको लागि नगर शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ । | (१)यस ऐनको कार्यान्वयनका लागि देहायका विषयमा नियम बनाउने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।<br>(क) प्रारम्भिक बाल विकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा,<br>(ख) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय,<br>(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम,<br>(घ) मातृभाषामा शिक्षा दिने विद्यालय,<br>(ङ) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,<br>(च) नगर शिक्षा समिति,<br>(छ) विद्यालय व्यवस्थापन समिति,<br>(ज) विद्यालयको नामाकरण,<br>(झ) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,<br>(ञ) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,<br>(ट) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान, | नियम बनाउन सकिने क्षेत्रहरु नै किटान गर्न |

धनगढी उप-महानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | (ठ) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,<br>(ड) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,<br>(ढ) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,<br>(ण) विद्यालयस्तरको परीक्षा, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,<br>(त) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,<br>(थ) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,<br>(द) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,<br>(ध) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,<br>(न) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,<br>(प) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सो को बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,<br>(फ) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,<br>(ब) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन,<br>(भ) संस्थागत विद्यालयले विद्यार्थीबाट लिने शुल्क र सो असूल गर्ने तरिका, | |

धनगढी उपमहानगरपालिका राजपत्र

| हालको व्यवस्था | संशोधित प्रावधान | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|
| | (म) उप-महानगरपालिकाबाट विद्यालयलाई दिइने अनुदान,<br>(य) नगर शिक्षक व्यवस्थापन<br>(र) आवासीय विद्यालय र विद्यालय छात्रावास,<br>(ल) स्थानीय पाठ्यक्रम तथा विद्यालयमा लागु हुने थप सन्दर्भ सामग्री,<br>(व) शिक्षक तथा विद्यार्थी आचार संहिता,<br>(श) विद्यालयको पुस्तकालय र वाचनालय,<br>(ष) उप-महानगरपालिका भित्रका सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन,<br>(स) नगर शिक्षा विकास कोष,<br>(ह) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अन्य आवश्यक विषय । | |

धनगढी उप-महानगरपालिका राजपत्र

आज्ञाले,

.....................

रामलाल श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत